केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन ४४११४०७
फ्याक्स ४४१४५५२
email: ashokpdl@nrb.org.np
website: www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/२४।०६३।०६४ मितिः २०६३।१२।१५

सबै इजाजतपत्र प्राप्त वाणिज्य बैंक तथा लघु वित्त कारोवार गर्ने विकास बैंकहरु ।

**विषयः अनिवार्य रुपमा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जाका सम्बन्धमा ।**

महाशय,

वाणिज्य बैंकहरुबाट विपन्न वर्ग कर्जा अन्तरगत लघु वित्त सम्बन्धी कारोवार गर्ने विकास बैंकहरुले आ.व. ०६३/६४ भन्दा अगाडि तथा चालु आ.व. ०६३/६४ मा प्राप्त गरेको कर्जा रकम समेत गरी कायम हुन आउने रकममध्ये पहिलो वर्ष अर्थात् आ.व. ०६३/६४ मा न्यूनतम १० प्रतिशत, दोस्रो वर्ष अर्थात् आ.व. ०६४/६५ मा न्यूनतम ४० प्रतिशत, तेस्रो वर्ष अर्थात् आ.व. ०६५/६६ मा न्यूनतम ६० प्रतिशत, चौथो वर्ष अर्थात् आ.व. ०६६/६७ मा न्यूनतम ७० प्रतिशत र पाँचौं वर्ष अर्थात् आ.व. ०६७/६८ देखि शतप्रतिशत विपन्न वर्गमा अनिवार्यरुपमा कर्जा प्रवाह गर्नु पर्ने र सो अनुरुप लगानी नगर्ने लघु वित्त सम्बन्धी कारोवार गर्ने विकास बैंकहरुलाई वाणिज्य बैंकहरुबाट प्रवाह हुने कर्जा विपन्न वर्ग कर्जामा गणना नहुने निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

बोधार्थ

1. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
2. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
3. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
4. नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
5. नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
6. जिल्ला स्थित कार्यालयहरु ।
7. नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
8. विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
9. नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।

भवदीय

(नारायण प्रसाद पौडेल)
निर्देशक